आ.व.२०८२/८३

**बैठक नं. १८**

समयः दिनको ३ बजे

मितिः२०८३/३/४

यस छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेयज्यूको अध्यक्षता तथा तपसिलबमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नअनुसारको प्रस्ताव माथि छलफल गरी देहाय अनुसारका निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री राजन पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | | |

<u>अन्य उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि रुपेन | वरिष्ठ प्रशासकीय अधिकृत | |
| २ | प्रदिप पन्थ | कृषि शाखा प्रमुख | |
| ३ | स्वामानन्द पौडेल | सहायक लेखा अधिकृत | |
| ४ | नारादेवी शाही | का.स. | |

प्रस्तावनाहरू:

| क्र.स | कार्यसूचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | आ.ब.२०८२/८३ को नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृत गरी सभामा पेस गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक बाट | |
| ३ | खाता सञ्चालन सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ४ | ठेक्का म्याद थप सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ५ | विविध | | |

निर्णयहरू:

१. छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३ जेठ १९ गते बसेको बैठकका निर्णयहरू कार्यान्वयनको अवस्था बारेमा समीक्षा गरियो, निर्णय कार्यान्वयन सन्तोषजनक भएको पाइयो।

२. बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक श्री सावित्रा ज्ञवालीज्यूले पेस गर्नुभएको आगामी आ.ब.२०८२/८३ को नीति तथा कार्यक्रमको मस्यौदा सर्वसम्मत स्वीकृत गरी मिति २०८३/३/५ गतेको गाउँसभाको बैठकमा पेस गर्ने निर्णय गरियो।

३. यस छत्रकोट गाउँपालिकाको आर्थिक प्रशासन शाखामा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारीमा कार्यरत बरिष्ठ लेखा अधिकृत श्री सन्तोष जि.सी. (क.स.नं. २४०४८०) रामग्राम नगरपालिकामा सरुवा भइ जानुभएको हुँदा हाल गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारीमा कार्यरत सहायक लेखा अधिकृत खुमानन्द पौडेल (क.स.नं. २३६१०३) र यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री राजन पाण्डे (क.स.नं. २२७३१९) को संयुक्त दस्तखत हुनेगरी खाता सञ्चालनको जिम्मेवारी दिने निर्णय गरियो।

४. यस छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३/३/४ गतेको ठेक्का नं. **CRM/Gul/W/NCB-15/082-83,Aatmabodh Mavi Building Works** को ठेक्का म्याद मिति २०८३/५/२० गते सम्म थप गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो।